श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आदेश्वरमा ढुंगा खानी संचालन गर्न बागमती अञ्चल काठमाडौं जिल्ला सीतापाईला गाउँ पञ्चायत अन्तर्गत देहायका वडा नं. मा पर्ने देहायबमोजिमका जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

सीतापाईला गाउँ पञ्चायत वडा नं. ५ (ग) मा पर्नेः–

पूर्व बाटो, पश्चिम कि.नं. ७४ को आबादि जग्गा, उत्तर आदेश्वर खोलो, दक्षिण कि.नं. १०२ को सैलानी जग्गा यति चारकिल्लाभित्रको कि.नं.७६ को ०–१०–० पुरै, कि.नं. ७७ को २–१३–२ पूरै, कि.नं. ८३ को ७–१२–० पूरै, कि.नं. ९३ को ०–१–० पूरै, कि.नं. ९४ को ०–११–२ पूरै, कि.नं. ९६ को २–२–० पूरै, कि.नं. ९७ को ३–१–२ पूरै समेत जम्मा मालपोत रु. ५०।८८ (पचास रूपैयाँ अठासी पैसा) लाग्ने जम्मा जग्गा रोपनी १७–३–२ (सत्र रोपनी तीन आना दुई पैसा) को कित्ता।

ऐ. पञ्चायत वडा नं. ६ मा पर्ने :–

पूर्व आदेश्वर खोला, पश्चिम कुलो, उत्तर कुलो, दक्षिण आदेश्वर खोलो यति चार किल्लाभित्रको कि.नं. ४८१ को ०–१३–० पूरै र कि.नं. ४८२ को ०–३–० पूरै समेत जम्मा मालपोत रु. ३।३३ (तीन रूपैयाँ तेतीस पैसा) लाग्ने जम्मा जग्गा रोपनी १–०–० (एक रोपनी) को कित्ता।

आज्ञाले–
नारायणप्रसाद अर्ज्याल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।